*Siddhajyoti Interdisciplinary Journal (SIJ)*
Vol. V, January 2024
(A Peer Reviewed Open Access Research Journal)
ISSN: 2645-8381
Published by Research Management Cell, Siddhajyoti Education Campus, Sindhuli
https://www.nepjol.info/index.php/sij

# सुम्निमा उपन्यासमा रसविधान

कमला रेग्मी
टीकादेवी पोखेल

**Article History**: ***Received:*** 30 June 2023; ***Reviewed:*** 30 November 2023; ***Accepted:*** 10 December 2023

**लेखसार**

*प्रस्तुत लेखमा सुम्निमा उपन्यासलाई पूर्वीय काव्य सिद्धान्त अनुरूप रसविधानका आधारमा समीक्षा गरिएको छ। यहाँ पूर्वीय काव्य परम्परामा महत्त्वपूर्ण काव्यतत्त्वको आधार मानिने रसको प्रयोग क्षेत्रलाई अध्ययनको सैद्धान्तिक आधार बनाइएको छ। उपन्यासमा प्रयुक्त आख्यान सौन्दर्यभित्र काव्यात्मक साहित्य जसरी नै रस परिपाक भएको हुन्छ। पूर्वीय साहित्य चिन्तनमा पाठक वा श्रोताले कुनै पनि काव्यकृति पढेर वा सुनेर उसका मनमा उब्जिने भाव वा अनुभूतिलाई रस भनिन्छ। उक्त सन्दर्भलाई आख्यानात्मक संवाद, पात्रको भूमिका, परिवेश, कथाक्रम लगायतका प्रसङ्गमा प्रस्तुत गरिएको हुन्छ । त्यसै गरी पाश्चात्य चिन्तनको मनोविज्ञान र रस सामग्रीका आधारमा हुने रस परिपाकबिचमा सामीप्यमा रहन्छ। पाठकले अनुभूत गर्ने आनन्दलाई रससामग्रीका आधारमा विश्लेषण गर्ने मान्यता अनुरूप साहित्यको मर्म निःसृत हुन्छ । यसर्थ प्रस्तुत अध्ययन विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित सुम्निमा उपन्यासभित्र प्रयुक्त रस सामग्री (विभाव, अनुभाव, व्यभिचारी भाव तथा स्थायी भाव) का आधारमा विश्लेषण गर्ने मूल उद्देश्यमा केन्द्रित रहेको छ । यस अध्ययनलाई पुस्तकालयीय सामग्रीको प्रयोग गरी पूर्वीय रस सिद्धान्त अनुरूप निगमनात्मक ढाँचामा सम्पन्न गरिएको छ। अध्ययनबाट सिङ्गो कृतिलाई प्रतिनिधित्व गर्ने गरी अङ्गी रसका रूपमा शृङ्गार रसको प्राधान्य रहेको पाइयो । निष्कर्षमा यस उपन्यासभित्र शृङ्गार रसको पोषकका रूपमा शान्त, रौद्र, बीभत्स रसका साथै वात्सल्य भावको उपयोग भएको पाइएको छ ।*

***शब्दकुन्जी:*** अङ्गीरस, यौनमनोविज्ञान, रस सामग्री, विभाव, शृङ्गार रस, सञ्चारी भाव, स्थायी भाव ।

## परिचय

आख्यान विधामा प्रयुक्त पूर्वीय साहित्य सिद्धान्तअन्तर्गत रसविधानलाई केलाउने कार्य आफैँमा रोचक र अनुसन्धेय विषय हो। यस अध्ययनमा आख्यानकार विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१-२०३९) को चर्चित उपन्यास सुम्निमामा प्रयुक्त रसविधानलाई समीक्षा गरिएको छ । आख्यानकार कोइराला आधुनिक नेपाली कथा फाँटका एक सशक्त प्रतिभा हुन्। नेपाली साहित्यमा सिग्मन्ड फ्रायडको विचारलाई कलात्मक संयोजन गर्ने कोइरालाले नेपाली आधुनिक आख्यान विधामा सर्वप्रथम पाश्चात्य साहित्यलाई भित्र्याएका हुन् । मनोवैज्ञानिक भावनाको प्रस्तुति तथा यौनमनोविज्ञानभित्र रहने चेतन, अवचेतन र अचेतन मनलाई आख्यानका माध्यमबाट नेपाली परिवेश अनुरूप शल्यक्रिया गर्नु कोइरालाको आफ्नै विशेषता हो । अन्तर्राष्ट्रिय साहित्यिक जगत्मा एड्लर, युङ, फ्रायड लगायतले अघि सारेको यौनमनोवैज्ञानिक धारणामा आधारित कुण्ठित, दमित, रुग्ण मनका चिटचिटाहट, क्रन्दन, जलन, अन्तर्मुखी भावना र त्यसको असरलाई कोइरालाले एक हिसाबमा क्रान्तिकारी कोणबाट अघि सारे। समाजले प्रत्यक्ष

*Copyright 2024 © Author(s) This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

रूपमा स्वीकार नगर्ने तर यथार्थमा घटिरहने यौनिक विकृतिलाई खोतलखातल पारेर कथात्मकता प्रदान गर्नु कोइरालाको आफ्नोपन नै हो। यौनमनोविश्लेषणमा पनि अशिष्टता, अश्लीलता, नग्नता, अनैतिकता जस्ता कुराहरू नपाइनु यौनमनोविश्लेषक कोइरालाका कथाको उल्लेखनीय प्रवृत्ति हो (लुइटेल, २०५७, पृ. १०३)। यसर्थ पाश्चात्यको दर्शन र हाम्रो समाजको विषयवस्तुलाई घोल्ने उनका कृतिले मनोवैज्ञानिक यथार्थलाई उद्‌बोधन गर्दछन्। सुरुमा हिन्दी साहित्यमा कलम चलाएका कोइरालाले शान्तिप्रिय द्विवेदी र सूर्यविक्रम ज्ञवालीको प्रेरणाले गर्दा नेपाली साहित्यतिर आकर्षित भएको पाइन्छ। नेपाली साहित्यमा प्रथम पटक 'चन्द्रवदन' (वि.सं. १९९२) कथा लिएर भित्रिएका कोइरालाले कविता, निबन्ध, उपन्यास, जीवनी, आत्मवृत्तान्त आदि विधामा समेत कलम चलाएको पाइन्छ। विभिन्न विधामा कलम चलाए पनि उनको मुख्य विधा भने आख्यान नै रहेको छ। कोइरालाका तीन घुम्ती (२०२५), नरेन्द्र दाइ (२०२७), सुम्निमा (२०२७), मोदी आइन (२०३६), हिटलर र यहुदी (२०४०) र बाबु, आमा र छोरा (२०४५) गरी छवटा उपन्यास प्रकाशित तथा निकै चर्चित छन्। उनका उपन्यासको वर्गीकरण र विश्लेषण गर्ने क्रममा सुम्निमा तेस्रो औपन्यासिक कृति हो। यस उपन्यासले दुई फरक संस्कृतिलाई मेल गराएर अनौठो मिथकीय सन्दर्भचित्रलाई पस्केको छ। कोइरालाले यस उपन्यासमा आर्य संस्कृति र किराँत संस्कृतिलाई अध्यात्मवाद र भौतिकवादको प्रतीकको रूपमा सोमदत्त र सुम्निमालाई उभ्याएका छन्। अतः पाश्चात्य मनोविश्लेषणात्मक प्रवृत्तिभित्र पूर्वीय आर्य र किराँत चिन्तन मिश्रित कथावस्तु रहेकाले पूर्वीय काव्य सिद्धान्तअन्तर्गत रसविधानलाई केलाउनु आफैँमा अध्ययनीय विषय हो। यसर्थ कथावस्तु, पात्र तथा परिवेशका आधारमा उपन्यासमा रहेको कथ्यलाई पूर्वीय काव्य मान्यताको रससिद्धान्तको आधारमा अध्ययन गर्नु वाञ्छनीय देखिएको छ।

सुम्निमा उपन्यासमा प्रयुक्त रसविधानलाई रस सामग्रीका आधारमा निर्क्योल गर्नु नै यस अध्ययनको प्रमुख उद्देश्य हो। प्रस्तुत लेखमा उपन्यासमा प्रयुक्त अङ्गीरस र अङ्गरसको निर्क्योल गरी विभाव, अनुभाव, व्यभिचारी भाव तथा स्थायी भावगत सन्दर्भलाई साक्ष्यद्वारा पुष्टि गरिएको छ।

## अध्ययन विधि

प्रस्तुत लेख रस सिद्धान्तका आधारभूत तत्त्वका आधारमा सुम्निमा उपन्यासको विश्लेषणमा आधारित छ। यसमा उपन्यासमा प्राप्त मुख्य वा अङ्गीरस र सहायक वा अङ्गरसको पहिचान तथा रस परिपाकको अवस्थाको विश्लेषण गरिएको छ। प्रस्तुत लेख सैद्धान्तिक प्रकृतिको छ। यस लेखमा पुस्तकालयीय अध्ययनलाई अपनाइएको छ। यहाँ आख्यानकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित सुम्निमा उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ। त्यस्तै सन्दर्भ पुस्तक, अनुसन्धानपरक लेख सामग्री तथा सम्बन्धित विषयका विज्ञद्वारा प्रस्तुत कार्यपत्रसहित द्वितीयक स्रोत सामग्रीलाई आवश्यक प्रयोग गरिएको छ। यहाँ रस सम्बन्धी प्रचलित सैद्धान्तिक अवधारणाका आधारमा उपन्यासमा प्रयुक्त रसहरूको विश्लेषण गरिएको हुनाले निगमन विधिलाई अपनाएर सामग्रीको विश्लेषण गरिएको छ। लेख प्रस्तुतीकरणका लागि वर्णनात्मक विधिको अवलम्बन गरिएको छ। सुम्निमा उपन्यासमा रसको अध्ययन गर्दा उपन्यासमा भएको कथावस्तुका आधारमा मूल र सहायक कथावस्तुलाई अङ्गरस र अङ्गीरसलाई निर्क्योल गरी सामग्रीको विश्लेषण गरिएको छ। अध्ययनका तथ्यलाई उपन्यासका रहेका साक्ष्यका आधारमा स्पष्ट पारिएको छ। रसविश्लेषणमा रस सामग्री (विभाव, अनुभाव, व्यभिचारी भाव र स्थायी भाव) लाई आधार बनाइएको छ।

## सैद्धान्तिक पर्याधार

रसविधानमा रसको परिचय, रसका उपकरण र रसका प्रकारहरूलाई नै मुख्य सैद्धान्तिक आधारका रूपमा चर्चा गरिएको छ।

**रसको परिचय**

रस पद्य विधामा मात्र नभएर गद्य विधाका लागि पनि उत्तिकै महत्त्व राख्ने आधार हो । संस्कृतको 'रस' धातुमा 'अच्' (ऊ) प्रत्यय लागेर रस शब्द निर्मित भएको छ । यसको अर्थ वस्तुको आस्वादनपरक गुण वा वस्तुको सारतत्त्व हो (पराजुली, २०७५, पृ. १) । साहित्यको सन्दर्भमा रसले आस्वादित गुणलाई जनाउँछ । पाठक वा श्रोताले कुनै पनि काव्यकृति पढेर वा सुनेर उसका मनमा उब्जिने भाव वा अनुभूतिलाई रस भनिन्छ ।

पूर्वीय साहित्य सिद्धान्तमा प्रचलनमा रहेको विभिन्न सिद्धान्तहरूमध्ये रस प्रमुख सिद्धान्त हो । यो सम्प्रदाय संस्कृत साहित्यको प्रधान र जेठो सम्प्रदाय हो । यसलाई सर्वप्रथम नाटकको क्षेत्रमा विवेचना गरियो । यस सिद्धान्तलाई सर्वप्रथम भरतमुनिको नाट्यशास्त्रमा उल्लेख गरेको पाइन्छ (उपाध्याय, २०६७, पृ. २०४) । भरतमुनिपछि आचार्य जगन्नाथ, विश्वनाथ, अभिनव गुप्त, भट्टनायक लगायतका थुप्रै पूर्वीय आचार्यहरूले यस सिद्धान्तलाई विकसित तुल्याएको पाइन्छ । प्राचीन समयदेखि नै रसलाई पदार्थको रस, आयुर्वेदको रस, भक्तिको रस र साहित्यको रस गरी चार प्रकारभित्र राखिएको पाइन्छ । रस शब्दले फलफूलको रस, तरकारीको रस, जडीबुटीको रस, बोटबिरुवाको चोप, अमृत, मदिरा, पानी, गुलियो, मीठो आदि स्वाद आयुर्वेदिक पद्धतिअनुसार तयार पारिएको औषधि साहित्यमा प्रयोग हुने रसको शृङ्गार, वीर रस आदिलाई सङ्केत गरेको हुन्छ (भट्टराई, २०६९, पृ. २५) । उल्लिखित सन्दर्भमा रहेर साहित्यका विभिन्न विधामध्ये यस अध्ययनमा सुम्निमा उपन्यास विधालाई रसविधानका आधारमा अध्ययन गरिएको छ ।

भरतमुनिले विभाव, अनुभाव र व्यभिचारी भावबाट रस निष्पत्ति हुन्छ भनेपछि संस्कृत साहित्यमा भट्टलोल्लटको उत्पत्तिवाद, शङ्कुको अनुमितिवाद, भट्टनायकको भुक्तिवाद र अभिनव गुप्तको अभिव्यक्तिवाद गरी चार सम्प्रदायको प्रादुर्भाव भएको छ (पौड्याल, २०६८, पृ. ६१-६८) । पूर्वीय चिन्तनको गहिराइलाई खोतल्दा अलङ्कार, वक्रोक्ति, रीति र औचित्य शैली पक्षको अभिव्यक्तिमा केन्द्रित छ । ध्वनि सम्प्रदाय व्यङ्ग्यार्थमा केन्द्रित छ । रस सम्प्रदाय अत्यधिक मात्रामा भावपक्षसँग सम्बद्ध छ (थापा, २०७३, पृ. ३८-३९) । यसरी रस सिद्धान्तलाई विचारको गहिराइ वा मर्मसँग जोडेर हेर्नु सान्दर्भिक हुन्छ । रसका प्रकारका सन्दर्भमा भरतले शृङ्गार, रौद्र, वीर र बीभत्स रसलाई मूल रस मानेका छन् (गड्तौला, २०७१, पृ. ३०) । यद्यपि पूर्वीय विद्वान्हरूले करुण, अद्भुत, हास्य, भयानक र शान्त रसलाई थप गरी नौओटा रसको चर्चा गरेका छन् । रति स्थायी भाव भएको शृङ्गार रसमा आमोद-प्रमोदको भाव हुन्छ । यसमा ऋतु, पहिरन, बाह्य परिवेश आदिले प्रभाव पारेको हुन्छ । प्रेम, मान, प्रणय, स्नेह, राग र अनुरागबाट रतिभावको विकास हुन्छ र यसबाट शृङ्गार रसको निष्पत्ति हुन्छ (पराजुली, २०७५, पृ. ४१) । नौओटै रसलाई स्थायी भावले प्रभाव पारेको हुन्छ । सांसारिक विषयवासनाबाट मुक्त, भौतिक सुख-दुःखबाट पर रहने आध्यात्मिक प्रकृतिको चिन्तनले शान्त रसको निष्पत्ति हुन्छ । निर्वेद शान्त रसको स्थायी भाव हो (श्रेष्ठ, २०६७, पृ. ११७) । यसरी नै जुगुप्सा वा निन्दा स्थायी भाव रहेको रस बीभत्स रस हो (पराजुली, २०७५, पृ. ४५) । घिनलाग्दो वस्तु देखेर शारीरिक अङ्गले प्रदर्शन गर्ने थुक्ने, मुख थुन्ने जस्ता चित्त वृत्तिको भाव प्रदर्शन हुँदा बीभत्स रस परिपाक हुन्छ । यस अध्ययनमा मूलतः यिनै शृङ्गार, शान्त र बीभत्स रसलाई व्यावहारिक रूपमा साक्ष्यद्वारा प्रदर्शन गरिएको छ ।

**रस सामग्री**

रसोत्पत्तिका लागि प्रमुख भूमिका खेल्ने सामग्रीलाई रस सामग्री भनिन्छ । रस सामग्रीलाई रसका उपकरण पनि भनिन्छ । रस उत्पन्न सघाउ पुऱ्याउने कच्चा पदार्थलाई रस सामग्री भनेर बुझ्न सकिन्छ । आचार्य भरतले 'विभावानुभावव्यभिचारीसंयोगात् रसनिष्पत्तिः' अर्थात् विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट रसको निष्पत्ति हुन्छ भनेका छन् (पराजुली, २०७५, पृ. १८) । यही भरतसूत्रका

आधारमा विभाव, अनुभाव, व्यभिचारी वा सञ्चारी भाव र स्थायी भावलाई रस सामग्री वा रसको उपकरण मानिन्छ :

***विभाव***

विभाव शब्दको अर्थ विशेष भाव हो । यसले पाठक वा दर्शकको मनमा भावलाई अङ्कुराउने वा उत्तेजित गराउने काम गर्छ । वास्तविक जीवनमा नरनारीमा रहने रति (प्रेम), क्रोध, घृणा, करुणा आदि चित्तवृत्तिहरूलाई प्रस्फुरित पार्नमा कारक (माध्यम) बन्ने व्यक्तित्व र परिवेश आदि नै काव्य वा नाटकमा विभाव कहलाउँछन् (उपाध्याय, २०६७, पृ. २८) । विभाव आलम्बन र उद्दीपन गरी दुई प्रकारका हुन्छन् । तिनलाई देहायबमोजिम देखाउन सकिन्छ :

- आलम्बन विभाव

स्थायी भावलाई उदय गराउने कारणलाई आलम्बन विभाव भनिन्छ । काव्यवस्तुको आधार नै आलम्बन विभाव हो । काव्यमा वर्णित नरनारी तथा पात्रहरू नै आलम्बन विभाव हुन् । आलम्बन विभाव पनि विषयालम्बन र आश्रयालम्बन गरी दुई प्रकारका हुन्छन् । जसलाई लक्षित गरेर भाव अङ्कुरित हुन्छ त्यो विषयालम्बन र जुन व्यक्ति पात्रमा स्थायी भाव उत्पन्न हुन्छ त्यसलाई आश्रयालम्बन भनिन्छ (उपाध्याय, २०६७, पृ. २९) । उदाहरणका रूपमा अनुकारक राम, सीता, हनुमान आदि विषयालम्बन हुन् भने दर्शक, पाठक, श्रोता नरनारी आदि अनुकर्ता नै आश्रयालम्बन हुन् ।

- उद्दीपन विभाव

आलम्बन विभावले अङ्कुरित गराएको भावलाई बढाउने मलजल गर्ने कारकलाई उद्दीपन विभाव भनिन्छ। स्थायी भावलाई उद्दीप्त पार्ने वस्तु र अवस्थालाई उद्दीपन भनिन्छ। रसलाई आस्वादनीय बनाउने कार्यमा उद्दीपन विभावको महत्त्वपूर्ण भूमिका हुन्छ (भट्टराई, २०६९, पृ. २८) । आख्यान वा नाटकमा वर्णित देश, काल, पर्यावरण आदि उद्दीपन विभावहरू हुन् जसले स्थायी भावलाई उद्दीप्त गर्दछ ।

***अनुभाव***

अनुभाव 'भाव' शब्दमा 'अनु' उपसर्ग लागेर बनेको हो जसको अर्थ भावको पछिपछि लाग्नु अथवा भावलाई बाहिर प्रकट गर्नु भन्ने हुन्छ । 'भावम् अनु' अनुभावः अर्थात् रति आदि स्थायी भावलाई विभावले उद्‌बुद्ध र उद्दीप्त तुल्याइसकेपछि आश्रय आलम्बनमा देखिने कार्यचेष्टा अनुभाव हो (पौड्याल, २०६६, पृ. ११८) । आलम्बन र उद्दीपनबाट स्थायी भाव उत्पन्न भएपछि देखापर्ने शारीरिक क्रिया, प्रतिक्रियालाई अनुभाव भनिन्छ । आलम्बन र उद्दीपन विभावले भावको अनुभव गराइसकेपछि देखा पर्ने चेष्टा वा कार्यहरू अनुभाव हुन् । उत्पन्न भाव व्यक्त गर्ने चेष्टालाई अनुभाव भनिन्छ । यसमा कायिक, वाचिक, सात्त्विक र आहार्य गरी चार प्रकार रहेको पाइन्छ (शर्मा र लुइटेल, २०७२, पृ. ४५) । आँखा रातो हुनु, कान रातो हुनु, दाँत कट्‌कटाउनु, मुट्‌ठी कस्नु, मुस्कुराउनु आदि शारीरिक प्रतिक्रिया स्वरूप उत्पन्न भएका अनुभावहरू हुन् । स्थायी भाव अङ्कुरित भएपछि देखिने मानसिक विकारलाई पनि अनुभाव भनिन्छ। लाज मान्नु, घृणा गर्नु, घमण्ड गर्नु, स्वर अनौठो हुनु आदि मानसिक विकारबाट उत्पन्न भएका अनुभावहरू हुन् । अनुभावहरू रसअनुसार फरक-फरक हुन्छन् ।

**व्यभिचारी वा सञ्चारी भाव**

स्थायी भावको सहयोगीका रूपमा देखा पर्ने अस्थिर भावलाई व्यभिचारी भाव भनिन्छ । यस्ता भावमा अस्थिर प्रकारको मानसिक चित्तवृत्ति हुन्छ । एउटै रसमा निर्भर नरहेर छिनछिनमा विभिन्न रसहरूमा परिवर्तन वा चलायमान हुने भएकाले यसलाई सञ्चारी भाव पनि भनिन्छ । स्थायी भावलाई उकास्न सहयोगीका रूपमा आउने अस्थायी भावलाई व्यभिचारी भाव भनिन्छ (शर्मा र लुइटेल, २०७२, पृ. ४५) । व्यभिचारी भाव विभाव र अनुभावका तुलनामा रससित बढी निकट हुन्छन् । स्थायी भावलाई

रस परिपाकको अवस्थामा पुऱ्याउन व्यभिचारी तथा सञ्चारी भावहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । व्यभिचारी भाव सुखात्मक, दुःखात्मक, उभयात्मक (सुखदुःखात्मक) र उदासीन गरी चार प्रकारका हुन्छन् । सबै भावका अवस्थालाई विश्लेषण गर्दा व्यभिचारी भाव वा सञ्चारी भाव ३३ प्रकारका हुन्छन् (पराजुली, २०७५, पृ. २२) । यसर्थ व्यभिचारी भावलाई यति नै हुन् भनेर किटानी गर्न सकिएको देखिँदैन ।

***स्थायी भाव***

मानव मनमा स्थायी रूपले रहने भावलाई स्थायी भाव भनिन्छ । यो मानिसको हृदयमा स्थिर वा सांस्कृतिक वासनाजन्य रूपमा रहेको चित्तवृत्ति हो । स्थायी भावलाई विरोधी वा अविरोधी कुनै पनि भावले बिथोल्दैन र ती कहिले रहने कहिले नरहने नभई आरम्भदेखि अन्त्यसम्म निरन्तर रहिरहन्छन् (शर्मा र लुइटेल, २०७२, पृ. ४४) । स्थायी भाव शृङ्गार रसको रति वा प्रेम, हास्य रसको हाँसो, करुण रसको शोक, रौद्र रसको क्रोध, वीर रसको उत्साह, भयानक रसको भय, बीभत्स रसको जुगुप्सा, अद्‌भुत रसको विस्मय र शान्त रसको शम वा निर्वेद गरी नौ रसका नौ प्रकारका स्थायी भाव हुन्छन् ।

**रस र मनोविज्ञान**

पाश्चात्य चिन्तक सिग्मन्ड फ्रायड (सन् १८५६-१९३९) को मनोविश्लेषणात्मक चिन्तनलाई भरतमुनिको नाट्यशास्त्रमा प्रस्तुत रस निष्पत्तिसँग गाँसेर हेरिने यो अध्ययनमा पूर्वीय मान्यताको सिद्धान्त र पाश्चात्य दृष्टिकोणको सम्मिश्रण छ । सुम्निमा उपन्यासको कृतिपरक अध्ययन भए पनि यो अध्ययनमा मनोविज्ञान र रसबिच अप्रत्यक्ष सम्बन्ध रहेको कुरालाई समावेश गरिएको छ । फ्रायडले पराअहम् (सुपरइगो), अहम् (इगो) र कामतत्त्व (इद) को सम्बन्धलाई देखाएका छन् (अधिकारी, २०६१, पृ. ४०-४१) । फ्रायडले मनोग्रन्थीका संवेग, आवेग, भित्री कुण्ठा, अवचेतन मनको गहिराइलाई जीवनको व्यावहारिक पक्षसँग जोड्ने गहन सिद्धान्तलाई प्रस्तुत गरे । यही सन्दर्भ पूर्वीय रसवादको रस सामग्रीअन्तर्गतका भाव, विभाव, अनुभाव, व्यभिचारी भावमा प्रदर्शन भइरहेका हुन्छन् । यसर्थ यस अध्ययनमा पाश्चात्य मनोविज्ञाको चिन्तनमा आधारित सुम्निमा उपन्यासभित्रको रसविधानलाई निर्क्योल गरिएको छ ।

## सुम्निमा उपन्यासको आख्यानसन्दर्भ

सुम्निमा मिथकीय कथावस्तुमा आधारित उपन्यास हो । यस उपन्यासले प्रेम अर्थात् शृङ्गार र सको माध्यमबाट दुई फरक संस्कृति र विचारलाई एकाकार गरिदिएको छ । यो उपन्यासकार कोइरालाको मिथकीय र मार्मिक चिन्तन पनि हो ।

विश्वामित्रको आश्रम त्यतिबेला यज्ञवेदी पाठपूजा र धार्मिक स्थलको रूपमा चर्चित थियो । सहस्र वेदका पाठहरू उच्चरित हुने हुँदा त्यहाँ रमाइलो वातावरणको सिर्जना हुन्थ्यो । उपन्यासमा उपन्यासकारले सूर्यदत्तको परिवारले घर छोडी वनको आश्रममा आई बसेको देखाएका छन् । सूर्यदत्तको पुत्र सोमदत्तको उचित शिक्षादीक्षाको प्रबन्ध मिलाउने उद्देश्यले उनीहरूले आश्रमको बास रोजेको पाइन्छ । यो आश्रम कौशिकी किनार चताराको भूभागमा रहेको छ । भिल्ल बस्ती र किराँत बस्तीको मध्यभागमा पर्ने चताराको पवित्र माटोमा अवस्थित उक्त आश्रममा सोमदत्तको शिक्षादीक्षाको सुरुवात हुन्छ । सोमदत्त पितासँगै स्नान, ध्यान गरी उच्च स्वरले मन्त्र पढ्दै जौ, तेल, धुप आदिको हवन गर्दै यज्ञविधिमा व्यस्त हुन्छन् । सुनसान ठाउँमा पितापुत्रको वेदको उच्चारणले आश्रमको वातावरण नै रमाइलो हुन्छ । अध्ययनको काम सकेर सोमदत्त गाई लिएर कोशी तटमा पुग्छ । उसको छेवैमा समथर हरिया फाँटहरू र नजिकै एउटा शमीको वृक्ष पनि रहेको देखिन्छ । यस्तो रमणीय स्थान कोशीको तटमा शमीको वृक्षमुनि एकदिन सोमदत्तको किराँत संस्कृतिकी एक केटी सुम्निमासँग परिचय हुन पुग्दछ ।

फरक-फरक संस्कृतिमा हुर्केका उनीहरूका बिचमा तर्क-वितर्क र वादविवाद चल्न थाल्छ । सोमदत्त भने आफ्नो अध्ययनमा सुम्निमाको उपस्थितिले बाधा पर्न जाने देखेर उक्त आश्रमलाई त्यागेर अर्कै आश्रमतर्फ लागेको छ । सोमदत्तले आश्रम छोडेपछि सुम्निमाले अर्कै केटासँग विवाह गर्नु, सोमदत्तले

विभिन्न स्थानमा गएर आफ्नो अध्ययन र तपस्या पूर्ण गर्नु, सोमदत्तले पुलोमा नामक ब्राह्मणीसँग विवाह गर्नु जस्ता घटनाले कथानकलाई अघि बढाएको देखिन्छ । सोमदत्त र पुलोमाबाट सन्तान नजन्मेपछि विरक्त बनेका सोमदत्तलाई उपन्यासकारले पुनः किराँत संस्कृतिका गुरु बिजुवाको शरणमा पुऱ्याएको देखिन्छ । बिजुवाले सोमदत्तको मनुवा रिसाएको भन्दै उसलाई मनुवा दहमा लगेर मनुवा खुशी पार्न छोरी सुम्निमालाई अह्राउँछ । मनुवा दहमा सोमदत्तको मनुवा खुशी बनाइदिएपछि सोमदत्त र पुलोमाको छोरो जन्मिन्छ । कथावस्तुको क्रमानुसार सुम्निमाकी छोरी र सोमदत्तको छोरो त्यही शमीको बोटमा भेट भएर साथी बन्दछन् । पुलोमा र सोमदत्तको मृत्यु भएपछि सुम्निमाले सोमदत्तको छोरालाई पनि आफ्नो किराँत गाउँमा लैजान्छे र छोरीसँग विवाह गराइदिन्छे । आश्रम छोडेर सोमदत्तको छोरो किराँती गाउँमा बस्छ । उसका धेरै सन्तानहरू जन्मन्छन् । उसले बाबुको त्यो आश्रमलाई बारम्बार हेरिरहन्छ भन्ने प्रसङ्गका साथमा सुम्निमा उपन्यासको कथावस्तु समापन भएको छ ।

## सुम्निमा उपन्यासमा प्रयुक्त अङ्गीरस

सुम्निमा उपन्यास शृङ्गार रस प्रधान उपन्यास हो त्यसैले यस उपन्यासमा शृङ्गार रस नै अङ्गीरसका रूपमा प्रयोग भएको छ । उपन्यासमा शान्त, बीभत्स, रौद्र तथा वात्सल्य रसहरू अङ्गरसका रूपमा आएका छन् । उपन्यासमा ब्राह्मण तथा तपस्वी सोमदत्त तथा किराँती सुम्निमाका बिचमा पलाएको प्रेमको कोपिला सोमदत्तको ब्रह्मचारी बन्ने हठका कारण पल्लवित हुन सक्दैन । प्रेमको दियो दुवैका मनमा दमित भएर रहन्छ । सोमदत्तले सन्तान प्राप्तिका निमित्त विवाह गरेकी पुलोमासँगको सम्बन्ध पनि आत्मिक गरिमामा सबल हुँदैन । पितृत्व सुखमा बाधा पुगेपछि सोमदत्त बिजुवासँग सल्लाह लिन पुग्छ । पुनः सुम्निमासँग भेट हुन्छ । सोमदत्तको उपचारमा सुम्निमा खटिनु, संवेदना शून्य सोमदत्तको शरीरमा किराँती संस्कारद्वारा रतिरागको भावना उत्पन्न गराउन गरिएका सुम्निमाका विभिन्न क्रियाकलापले पाठकका मनमा रतिभाव जागृत हुन्छ । सोमदत्त र पुलोमाको सम्बन्ध असल दाम्पत्य सुखमा चल्न सक्दैन । एकमा चाहना हुँदा अर्कामा वितृष्णा पैदा भई क्रोध तथा घृणा उत्पन्न भएको छ । जीवनको अन्त्यमा सोमदत्त सुम्निमाको सान्निध्यमा रहनु तथा उपन्यासको अन्त्यमा सुम्निमाकी छोरी र सोमदत्तको छोराको मिलनले रतिभाव उत्कर्षमा पुगी पाठकलाई आनन्दानुभूति गराउँछ । कथानक संयोगान्त भएको हुँदा सम्भोग शृङ्गार नै यस उपन्यासको अङ्गीरस बनेको छ ।

### अङ्गीरसका रूपमा शृङ्गार रसको उपयोग

सुम्निमा उपन्यासमा मुख्य रूपमा शृङ्गार रसको प्रयोग भएको छ । यसमा विशेष गरी पूर्वी नेपालको कोशी किनारमा रहेका आर्य र अनार्य अर्थात् ब्राह्मण पुत्र सोमदत्त र किराँत युवती सुम्निमाको भेट, त्यो भेटले सोमदत्तको जीवनमा पारेको प्रभाव, सोमदत्तमा पितृत्व सुखको अभाव, सुम्निमासँगको पुनर्मिलन, यो मिलनले जगाएको रागात्मक क्षमता, पुत्र प्राप्ति, अन्तिम पलमा सुम्निमाकै सान्निध्यता र सुम्निमाको छोरीसँग सोमदत्तको छोराको विवाह जस्ता सन्दर्भहरू रहेका छन् । यिनै सन्दर्भका आधारमा कोइरालाले उपन्यासमा प्रयुक्त पात्रका मनको अन्तरतहसम्म पुगेर रसोत्पत्तिलाई संयोजन गरेको पुष्टि हुन्छ । मानव मनका अनेकौं भावलाई बाहिर ल्याउने क्रममा भौतिक तथा अलौकिक विषयमा ठूलो द्वन्द्व सिर्जना भएको छ । सोमदत्त र सुम्निमाबिचमा भएको आध्यात्मिक र आत्मिक प्रेमले अन्ततः मानिस प्रकृतिकै एक अंश हो भन्ने विम्बात्मक यथार्थतालाई पस्कँदा यो उपन्यासभित्र रसको परिपाक भएको छ । प्रकृति जसरी आफ्नो गतिमा जीवन्त छ त्यसरी नै मानवीय जीवन अगाडि बढ्नुपर्छ । जब संवेगको अनुचित नियन्त्रण भएमा जीवन सरल र सहज बन्दैन । यस्तो जीवन सुखदायी पनि हुँदैन ।

यस उपन्यासमा पनि फरक संस्कार र संस्कृतिमा हुर्केका दुई पात्र सोमदत्त र सुम्निमाको जीवनका उतारचढावको कथाभित्र अङ्गीरसका रूपमा शृङ्गार रसको केन्द्रीयता छ । अङ्गरसका रूपमा भने बढी मात्रामा शान्त रस आएको छ । त्यसका साथमा सूक्ष्म स्तरमा बीभत्स प्रयुक्त छ । यसका साथमा

वात्सल्य रसको अतिसूक्ष्म स्तरमा उपयोग छ । किँरात र आर्य समाजका मिथक र विम्बको प्रयोगले र सलाई उत्कर्षमा पुऱ्याउन सहयोग पुग्नुका साथै उपन्यास पनि जीवन्त बनेको छ । यौवनले भरिपूर्ण सुम्निमालाई देखेर सोमदत्तको मनमा पहिलो पटक उत्पन्न रतिभावलाई उपन्यासकारले यसरी प्रस्तुत गरेका छन् :

**(उदाहरण १)**

ऊ सहस्रसूर्यको प्रखरताका साथ उसका सम्मुख उभ्भिएकी थी, यौवनको चरमावस्थामा केही कालका लागि शरीरले पाउने प्रखरताका साथ । सोमदत्तले देख्यो,............ टाढा नै उभ्भिएको भए पनि उसको शरीरलाई यसले वेगका साथ हल्लाइरहेको छ, आँधीले वृक्षलाई लछार्दै हल्लाएजस्तो । इन्द्रियका पाँचै वेगवान् अश्व असंयमी भएर हिनहिनाइरहेका थिए, नाश्रो फुलाएर टापलाई भुइँमा बजार्दै; मनको सारथी तपसाधनाको रासलाई आफ्नो सम्पूर्ण शक्तिका साथ खिँचिरहेको थियो, दाँत पिन्दै परिश्रमले रातो मुख पार्दै, ललाटमा स्वेदबिन्दु टल्काउँदै (कोइराला, २०७१, पृ. २३) ।

माथिको अनुच्छेदमा रसको विभावादि स्थिति यसप्रकार रहेको छ :

*विभाव*

- आलम्बन विभाव
  विषयालम्बन : सुम्निमा
  आश्रयालम्बन : सोमदत्त
- उद्दीपन विभाव : सुम्निमाको चरम यौवनवस्थाको नग्न शरीर

*अनुभाव* : सोमदत्तका इन्द्रिय असंयमी हुनु, दाँत पिन्नु

*व्यभिचारी वा सञ्चारी भाव* : कम्पन हुनु, पसिना आउनु,मुख रातो हुनु

*स्थायी भाव* : रति

उपन्यासकार कोइरालाले शृङ्गार रसको भाव सौन्दर्यलाई उपन्यासमा अधिक रूपमा उपयोग गरेका हुनाले यहाँ अङ्गीरसको स्थानमा रति स्थायी भावबोधको बाहुल्यता छ ।

**(उदाहरण २)**

.....यति भनेर हठात् उसले सोमदत्तलाई आफूसँग टासेर बलियो आलिङ्गनमा बेर्दै उसको मुखमा चुम्बन गरी ।

अनि तिव्रताका साथ दौडिँदै ऊ भागी र यो पनि भन्दै गई,- "मैलै आफ्नो मुटुको तातो सासले तिम्रो मनुवालाई फुकिदिएकी छु .... सोमदत्त ! सोमदत्त !! सोमदत्त..... !!!"

उसको स्वर वनभित्र रात्रिप्रवेशको अन्धकारमा लोप भयो ।

सोमदत्त विक्षिप्तजस्तो भएर करायो,- "सुम्निमा ...! सुम्निमा.....!!"

सुम्निमाको मधुरो हुँदै गएको स्वर उसको कानमा पऱ्यो,- "सोमदत्त ! म तिमीलाई आश्रममा पर्खिरहेकी छु, सपनाजस्तो तिमीबाट अँगालिन....!"

सोमदत्तको ओष्ठ अग्निस्पर्शले पोलेजस्तो भतभत गरिरहेको थियो । उसको शरीर भर्खरैको नारी शरीरको स्पर्शले रन्किएको थियो । ऊ उत्तेजित थियो, चञ्चल थियो ।

उन्मत्त स्वरमा ऊ करायो,- "सुम्निमा (पृ. ५७) !"

माथि प्रस्तुत कथनभरि शृङ्गार रसका सामग्रीहरूको प्रयोग रहेको देखिन्छ :

*विभाव*

- आलम्बन विभाव :
  विषयालम्बन : सुम्निमा

आश्रयालम्बन : सोमदत्त

- उद्दीपन विभाव : सन्ध्याकालीन सुनसान वन, अँगाल्नु, चुम्नु, बोलाउनु
  *अनुभाव* : नाम पुकारी चिच्च्याउनु, शरीर सन्किनु, असंयमित बन्नु
  *व्यभिचारी वा सञ्चारी भाव* : उत्तेजना, चञ्चलता
  *स्थायी भाव* : रति

**(उदाहरण ३)**

सोमदत्तको छोराले धोद्रो स्वरमा भन्यो, सुकेको घाँटीलाई थुक लिएर भिजाउँदै,- "यावा ! म तिमीलाई प्रेम गर्छु ।"

सुम्निमाकी छोरी बोल्नै सकिन । यत्रो एकान्तमा पनि उसलाई लाग्यो ऊ एउटा नयाँ लज्जाले किचिन लागेकी छे । उसले सोमदत्तको छोराको अनुहारलाई पनि हेर्न सकिन । सोमदत्तको छोराले आफ्नो काँपिरहेको हातले उसको निहुरिएको मुखलाई उठायो । उसले आँखा चिम्लिदिई । सोमदत्तको छोराले उसलाई आलिङ्गनमा बेरेर उसको मुखबाट चुम्बन लियो । अनि मात्रै सुम्निमाकी छोरी बिउँझिएकी जस्ती भई । उसले पनि बलपूर्वक सोमदत्तको छोरालाई समाती । कोशीको कलकल ध्वनिको मधुरो स्वरमा प्रेममा एउटै डल्लो भएको उनीहरूको शरीरलाई शमीको घना छायाले छोपेर राखिदियो । उनीहरूलाई भने त्यस घडीको पटक्कै सम्झना भएन (पृ. ९२-९३) ।

माथिको अनुच्छेदमा रसको विभावादिको स्थितिलाई यसरी केलाउन सकिन्छ :

*विभाव*

- आलम्बन विभाव
  विषयालम्बन : सोमदत्तको छोरो/सुम्निमाकी छोरी
  आश्रयालम्बन : सुम्निमाकी छोरी/सोमदत्तको छोरो
- उद्दीपन विभाव : एकान्त ठाउँ, कोशीको कलकल ध्वनि, प्रेमको उद्गार
  *अनुभाव* : दुवैले एकअर्कालाई अङ्गाल्नु, चुम्बन गर्नु,
  *व्यभिचारी वा सञ्चारी भाव* : हात काप्नु, आँखा चिम्लनु, विस्मृति
  *स्थायी भाव* : रति

**शृङ्गार रसका आधारमा औपन्यासिक आख्यान**

फ्रायडीय यौन मनोवैज्ञानिक उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित सुम्निमा उपन्यासमा प्रयुक्त रसविधानलाई समग्रतः विश्लेषण गर्नु वाञ्छनीय छ । शृङ्गार रसको लक्षित केन्द्रीयतामा रहेर यही रसमै आख्यान सन्दर्भ समापन हुनुले यो उपन्यासलाई शृङ्गार रसको प्राधान्यता रहेको उपन्यास हो भन्न सकिन्छ । नायक, नायिका, वन, बगैँचा, ऋतु आदि प्राकृतिक परिवेश र देशकालको विशिष्ट स्थिति पात्रीय हाउभाउ, मनोदशा, कार्यव्यापार आदि उपकरणको संयोजनमा शृङ्गार रसको आस्वादन हुने गर्दछ (गड्तौला, २०७१, पृ. ३३) । थापा (२०७३, पृ. २१८) का अनुसार भरतमुनिले नाट्यशास्त्रको ६:३२ लाई चर्चा गरेकाले रससिद्धान्त र निष्पत्तिको पहिलो प्रवक्ता र व्याख्या भरतमुनि हुन् । रसको उत्पत्तिका सम्बन्धमा भरतमुनिको कथन उल्लेखनीय छ- "विभाव, अनुभाव र सञ्चारी भावको संयोगबाट रसको उत्पत्ति हुन्छ ।" भनी उल्लेख गरेका छन् । यही पृष्ठभूमिमा सुम्निमा उपन्यासमा प्रयुक्त रसलाई यहाँ चर्चा गरिएको छ :

### *विभाव*

स्थायी भावलाई प्रकट वा प्रकाशित गर्ने कारण विभाव हो । स्थायी भावलाई उदय गराउनेलाई आलम्बन र स्थायी भावलाई उद्दीप्त पार्नेलाई उद्दीपन विभाव भनिन्छ । सुम्निमा उपन्यासमा विशेष गरी रति स्थायी भाव हुँदा शृङ्गार रस परिपाक हुन्छ । यस उपन्यासमा रतिभाव पैदा गर्ने मुख्य कारक चरम यौवनावस्थाकी सुम्निमाको सुनौलो सुन्दर शरीर नै उसको प्रेमील भाव रहेको छ । यस उपन्यासमा शृङ्गार रसलाई उत्पन्न गराउन प्रयोग भएका विभाव र यसका प्रकारलाई पनि केलाउनु अझै सान्दर्भिक हुन्छ ।

**आलम्बन विभाव :** यस उपन्यासमा प्रयुक्त कथानकले पाठकमा रतिभाव जागृत गराउँछ । रतिभावको मुख्य कारक यस उपन्यासकी प्रमुख पात्र सुम्निमा हो । कोशी तटमा सोमदत्त र सुम्निमासँग भेट भएपछि सुम्निमाको मन मस्तिष्क र जीवनमा अनेकौं उथलपुथल सुरु हुन थाल्छ । सहस्रसूर्य समान लावण्यपूर्ण यौवनले सोमदत्तको मन मस्तिष्कमा पनि अचानक हलचल मच्चाइदिन्छ । भोगलाई पाप मान्ने र तप साधनालाई नै मुक्ति तथा आनन्दको मार्ग सम्झने अध्यात्मवादी सोमदत्तलाई यहाँ मस्तिष्कले नभएर मनको सारथीले डोऱ्याएको छ ।

> (१) हो, आज सोमदत्तले अनुभव गऱ्यो, उसको शरीरसम्म पनि आफ्नो नियन्त्रणमा रहेनछ, सुम्निमाको नग्न, सुन्दर शरीरको आकर्षणलाई सहन नसक्ने रहेछ । यो कृशदेहमा कत्रो शक्ति सम्पन्नता कि विश्वका महान् तत्त्वका उपर उसका ज्ञानविज्ञान र तपसाधनाका उपर त्यो अझै अधिष्ठित हुन खोज्दछ- सर्वोपरि भएर (कोइराला, २०७१, पृ.२३-२४) ।

माथिको साक्ष्यका आधारमा उपन्यासकी पात्र सुम्निमा विषयालम्बन हो भने प्रभावित हुने सोमदत्त आश्रयालम्बन हो । स्थायी भाव जागृत हुने कारणलाई विषयालम्बन भनिन्छ भने जसमा स्थायी भाव जागृत हुन्छ त्यो आश्रयालम्बन हो (गड्तौला, २०७१, पृ. १७) । अर्कोतिर उपन्यासमा सोमदत्तका छोरो र सुम्निमाकी छोरीका बिचको प्रेमले पनि शृङ्गार रसलाई नै प्रमुख आधार बनाएको छ ।

> (२) गाउँ पुग्नासाथ उनीहरूले आपसमा समाएको हात फुस्काएर अलग-अलग ठाउँ पस्थे । एउटाले अर्कोलाई बोलाउँदा पनि मधुरो स्वरमा भन्थे,- "यावा !" उनीहरूले आफूलाई दुलहा-दुलही भनेर रोजिसकेका छन् भन्ने गाउँलेका मनमा समेत परिसकेको थियो (पृ. ९२) ।

माथिको उदाहरणका आधारमा सोमदत्तको छोरा र सुम्निमाकी छोरीबिच एकअर्कामा समान आकर्षण देखिन्छ । माथिको उदाहरण (१) मा सुम्निमाको नग्नरूप लावण्यप्रति सोमदत्त पूर्णरूपमा मोहित भएको छ । नारी सौन्दर्यका सामु सम्पूर्ण ज्ञान-विज्ञानसमेत कमजोर हुने विषयलाई लिएर सुम्निमा नै आकर्षणको विषय रहेको पुष्टि भएको छ । उदाहरण (२) ले सुम्निमाकी छोरी र सोमदत्तको छोरा एकअर्काप्रति आकर्षित भएको कुरा जनाउँछ । यसरी उदाहरण (१) मा सुम्निमा विषयालम्बन तथा सोमदत्त आश्रयालम्बन हो भने उदाहरण (२) मा दुवैजना विषयालम्बन र आश्रयालम्वनका रूपमा समान स्तरमा रहेको पाइएको छ ।

**उद्दीपन विभाव :** यस उपन्यासमा सोमदत्तका तथा सुम्निमाकी छोरी र सोमदत्तका छोरामा रतिभाव जागृत गराउन वा उद्दीप्त गराउन आएका वन, फूल, कोशीकिनार, बालुवा, पानी आदि उद्दीपकले रस निष्पत्तिमा काम गरेका छन् । यी स्थान वा परिवेशमा भए गरेका विभिन्न गतिविधिका कारण ती सबै उद्दीपन विभाव हुन् । उपन्यासमा आध्यात्मवादी हिन्दु ब्राह्मण पुत्र सोमदत्तसँग भौतिकवादी किराँत बिजुवाकी छोरी सुम्निमा बिचको मित्रता, चरम यौवनावस्थाकी सुम्निमाको नग्न सुन्दर शरीर, उसका प्रेमील व्यवहार, सुन्दर र सुनसान कोशी तट, नदीको कलकल आवाज, कोइलीको कुहुकुहु आदिले रतिभावलाई उकास्ने काम गरेका छन् :

(३) नदीको कलकल ध्वनिले रहस्यको संवादलाई अनन्तको कानमा पोखिरहेको थियो। अरू चराचर तन्द्रामग्न, स्तब्ध र शान्त थियो।.............
सोमदत्तको ध्यान वृक्षमा क्रीडा गरिरहेका फिस्टामा गयो। अङ्गुष्ठ परिमाणका चराहरू चपलतामय भइरहेका थिए।.......
.....सुम्निमातिर पनि बारम्बार उसको ध्यान आकृष्ट भइरहेको थियो। ऊ तटनजिकै जलभित्र आनन्दको तरङ्गित लोकको सृष्टि गरिरहेकी थी। वनको मध्यबाट कुनै एउटा अदृश्य चराको तीखो कूजन ध्वनित भयो,- "कूऊ- कूऊ...(पृ. २२) !"
(४) सुम्निमा उसको गर्धनलाई भिजाएको लुगाले मल्दथी, फेरि भिजाउँथी मल्दथी र पुछ्थी। यो क्रियामा सोमदत्तको गर्दनसम्म पुग्नका निम्ति उसको शरीर बराबर सोमदत्तको शरीरसँग टाँस्सिने गर्थ्यो (पृ.५३)।
(५) एकदिन उनीहरू सधैंको जस्तो गाउँभन्दा बाहिर जङ्गलतिर आएका थिए। डुल्दाडुल्दै लहडमा उनीहरू तल कोशी तटनिर झरे तर तल आएर उनीहरूले पहिलेको जस्तो रमाइलो गरेनन्।............केही नबोलेर केही नगरेर उनीहरू चुपचाप शमीको वृक्षमुनि धेरैबेरसम्म त्यसै बसिरहे। प्रेमले पारेको असाध्य भारी घडी थियो यो। सोमदत्तको छोराले धोद्रो स्वरमा भन्यो, सुकेको घाँटीलाई थुक निलेर भिजाउँदै,-"यावा ! म तिमीलाई प्रेम गर्छु (पृ. ९२)।"

माथिको उदाहरण (३) मा नदीको कलकल ध्वनि, मध्यान्नको स्तब्ध अनि शान्त वातावरण, वृक्षमा क्रीडामग्न फिस्टाका जोडी, नग्न अवस्थामा आनन्दसँग जलक्रीडा गरिरहेकी सुम्निमा, कोइलीको कूऊ कूऊ (कुहुकुहु) आवाजले सोमदत्तको मन तरङ्गित गराएको छ। उदाहरण (४) मा कोशीमा धेरैबेर जलक्रीडा गरेर सुम्निमाले सोमदत्तको गर्धनलाई भिजेको कपडाले मलिरहेकी छे। यतिबेला सोमदत्त र सुम्निमाको शरीर बारम्बार सोमदत्तको शरीरसँग टाँस्सिन पुगेको छ। नारी र पुरुषमा स्वाभाविक आकर्षण हुन्छ अझ एकान्तमा नग्न सुन्दर नारी पुरुषको देह एकअर्कामा मिल्दा रतिभाव उद्दीप्त भएको छ। उदाहरण (५) मा पनि उही सुनसान नदी तट, शमीवृक्ष, अनेकौं रमाइला पलको स्मरण, दुवैमा भएको प्रेमील भाव आदिले रतिभावलाई उकास्न भूमिका खेलेका छन्।

***अनुभाव***

विभावले भावको अनुभव गराइसकेपछि देखा पर्ने चेष्टा वा कार्यहरू अनुभाव हुन्। अनुभाव भनेको उत्पन्न भएको भाव व्यक्त गर्ने चेष्टा हो (ओझा, २०७६, पृ. २२७)। सुम्निमा उपन्यासमा सोमदत्त, सुम्निमाकी छोरी तथा सोमदत्तको छोरामा रति स्थायी भाव जागृत भइसकेपछि गर्ने क्रियाकलाप नै अनुभाव हुन्। यस उपन्यासमा सुम्निमा र सोमदत्त तथा सोमदत्तको छोरो र सुम्निमाकी छोरीबिचको प्रेमभाव तथा आकर्षणलाई व्यक्त गर्ने क्रियाकलापहरू नै अनुभाव हुन्। सुम्निमा उपन्यासमा रति स्थायी भाव व्यक्त गर्न निम्नलिखित सात्विक अनुभावले प्रमुख भूमिका खेलेको पाइएको छ :

(६) ऊ सहस्रसूर्यको प्रखरताका साथ उसका सम्मुख उभ्भिएकी थी, यौवनको चरमावस्थामा केही कालका लागि शरीरले पाउने प्रखरताका साथ। सोमदत्तले देख्यो, ............... टाढा नै उभ्भिएको भए पनि उसको शरीरलाई यसले वेगका साथ हल्लाइरहेको छ, आँधीले वृक्षलाई लछार्दै हल्लाएजस्तो। इन्द्रियका पाँचै वेगवान् अश्व असंयमी भएर हिनहिनाइरहेका थिए, नाथ्रो फुलाएर, टापलाई भुइँमा बजार्दै; मनको सारथी तपसाधनाको रासलाई आफ्नो सम्पूर्ण शक्तिका साथ खिचिरहेको थियो, दाँत पिन्दै, परिश्रमले रातो मुख पार्दै, ललाटमा स्वेदबिन्दु टल्काउँदै (पृ.२३)।

(७) यति भनेर हठात् उसले सोमदत्तलाई आफूसँग टासेर बलियो आलिङ्गनमा बेर्दै उसको मुखमा चुम्बन गरी ।
अनि तिव्रताका साथ दौडिँदै ऊ भागी र यो पनि भन्दै गई,- "मैलै आफ्नो मुटुको तातो सासले तिम्रो मनुवालाई फुकिदिएकी छु .... सोमदत्त ! सोमदत्त !! सोमदत्त..... !!!"
उसको स्वर वनभित्र रात्रिप्रवेशको अन्धकारमा लोप भयो ।
सोमदत्त विक्षिप्त जस्तो भएर करायो,- "सुम्निमा ...! सुम्निमा..... (पृ. ५७) !!"
(८) सोमदत्तको छोराले आफ्नो काँपिरहेको हातले उसको निहुरिएको मुखलाई उठायो । उसले आँखा चिम्लिदिई । सोमदत्तको छोराले उसलाई आलिङ्गनमा बेरेर उसको मुखबाट चुम्बन लियो । अनि मात्रै सुम्निमाकी छोरी बिउँझिएकी जस्ती भई । उसले पनि बलपूर्वक सोमदत्तको छोरालाई समाती । कोशीको कलकल ध्वनिको मधुरो स्वर मा प्रेममा एउटै डल्लो भएको उनीहरूको शरीरलाई शमीको घना छायाले छोपेर राखिदियो । उनीहरूलाई भने त्यस घडीको पटक्कै सम्झना भएन (पृ.९३) ।
(९) सुम्निमाकी छोरीले त्यही लज्जायुक्त अवस्थामा तल आँगनमा उभिएको सोमदत्तको छोरालाई आँखाको सङ्केत गरेर देखाई । ऊ पनि लाज मान्दै ढोकामा आई उभियो (पृ. ९३) ।

माथिको साक्ष्य (६) मा सुम्निमाको सौन्दर्यले भरिपूर्ण नग्न रूपले सोमदत्तका शरीरका सबै इन्द्रीय असंयमी बनेको अवस्था रहेको छ । यहाँ मस्तिष्कभन्दा मन र आध्यात्मिक त्यागभन्दा भौतिक अर्थात् दैहिक प्रबलता रहेको स्थिति छ । साक्ष्य (७) मा सुम्निमाले सोमदत्तलाई चुम्बन गरेर मनवालाई रिजाएपछि सोमदत्तमा पनि सुम्निमाप्रतिको प्रेमको आँधी उर्लिएको छ । ऊ विक्षिप्त भएर सुम्निमा सुम्निमा भन्दै चिच्च्याएको छ । साक्ष्य (८) सोमदत्तको छोराले सुम्निमाकी छोरीलाई चुम्नु, सुम्निमाकी छोरीले सोमदत्तको छोरालाई बलपूर्वक समात्नुले दुवैको एकअर्काप्रति प्रगाढ प्रेमभाव देखिएको छ । यसैगरी साक्ष्य (९) सुम्निमाकी छोरी र सोमदत्तको छोरोले आपसमा प्रेम व्यक्त गर्दा लजाएको भाव व्यक्त भएको छ ।

**व्यभिचारी भाव**

स्थायी भावलाई उकास्न सहयोगीका रूपमा आउने अस्थायी भावलाई व्यभिचारी भाव भनिन्छ (शर्मा र लुइटेल, २०७२, पृ. ४५) । बारम्बार चलायमान हुने भएकाले यसलाई सञ्चारी भाव पनि भनिन्छ । सुम्निमा उपन्यासमा रति स्थायी भावलाई उकास्न सञ्चारी भाव सहयोगी बनेर आएका छन् । बारम्बार चलायमान हुने भएकाले यसलाई सञ्चारी भाव भनिएको हो (ओझा, २०७६, पृ. २३१) । यस उपन्यासका प्रमुख पात्र सुम्निमा र सोमदत्तका अन्तरमनका भावहरूले रतिभावलाई उत्कर्षमा पुऱ्याउन विशेष भूमिका खेलेका छन् । यहाँ स्थायी भाव रतिलाई प्रकाशित गर्ने क्रममा मद, जडता, आवेग, चिन्ता, दैन्य, त्रास, हर्ष, चपलता, वितर्क, ग्लानी, लज्जा जस्ता व्यभिचारी भाव आएका छन् । उपन्यासमा आएका सञ्चारी भावहरूलाई निम्नलिखित उदाहरणबाट स्पष्ट पार्न सकिन्छ :

(१०) सुम्निमाको पूरा शरीर सोमदत्तको अन्तर्हृदयमा एकपलका निम्ति झलमलाएर नाच्थ्यो र उसलाई लाग्थ्यो कि त्यो किराँती युवतीको शरीर पूर्ण मादकताले भरिएर रिङिरहेको छ (पृ.२५) ।
(११) सुम्निमा आज अत्यन्त कौतुकमय भएकी थी, त्यसैले परिहास गर्दै, शरीरलाई बङ्गिम पार्दै, आँखालाई एकपल्ट चारैतिर केही खोजेको नक्कल गरेको भान गर्दै उसले भनी-
"कहाँ छ पाप ? खोइ त केही देख्दिनँ (पृ. २५) ।"

(१२) उसको शरीर भर्खरैको नारी शरीरको स्पर्शले रन्किएको थियो । ऊ उत्तेजित थियो, चञ्चल थियो (पृ. ५७) ।

(१३) प्रगाढ हुँदै गएको अन्धकारमा सुम्निमा दगुर्दै गाउँतिर फर्किरहेकी थी । आफ्नो मुटुको चड्काइले पगपग ऊ बेहोश हन खोज्थी (पृ.५७) ।

(१४) सोमदत्तले सम्झ्यो,-यही तटमा सुम्निमासँग उसको प्रथमबार भेट भएको थियो । एक-एक गरेर उसको मस्तिष्कमा सुम्निमाका विभिन्न भावहरूका चित्र नाच्न थाले । ऊ स्मृतिको प्रवाहमा भासिँदै गयो, भासिँदै गयो (पृ.६८) ।

(१५) वर्तमान उसका लागि लोप भइसकेको थियो । उसलाई एकरत्ति सुद्धी रहेन कि पुलोमा त्यहीँ नजिकै कोशीको जलमा स्नान गरिरहेकी छे (पृ.६८) ।

(१६) त्यस दिन रातभरि उसले आफ्नो आलिङ्गनमा राखेकी नारी वास्तवमा आफ्नी पत्नी पुलोमा नै थी भनी स्वीकार गरे पनि के भावनामा ऊ सुम्निमाका साथ टाँस्सिरह्यो त रातभर ? के सुम्निमा भन्ठानेर होइन र ? त्यसो भए पाप र पुण्यको आधार के ? शरीर या मन ? दोषको मूल स्रोत कहाँ छ ?.....
सोमदत्तले उद्विग्न भएर भन्यो,- 'पाप भावजगत्को वस्तु हो (पृ. ७२) ।'

(१७) "माया गर्ने भएको भए ऊ किन आश्रम गइरहन्छ त ? मलाईचाहिँ डर लाग्छ त्यहाँ (पृ. ९१) ।"

(१८) सुम्निमाकी छोरी बोल्नै सकिन । यत्रो एकान्तमा पनि उसलाई लाग्यो ऊ एउटा नयाँ लज्जाले किचिन लागेकी छे । उसले सोमदत्तको छोराको अनुहारलाई पनि हेर्न सकिन (पृ.९२)

माथिको साक्ष्य (१०) मा सुम्निमाको सुन्दर र नग्न मादक शरीर देखेर सोमदत्तमा पनि मदभाव उत्पन्न भएको छ । साक्ष्य (११) मा सुम्निमामा यौवनको चपलता भाव देखिएको छ । साक्ष्य (१२) मा नारीशरीरको स्पर्शबाट सोमदत्तमा आवेग, चञ्चलता र उत्तेजना भाव उत्पन्न भएको छ । साक्ष्य (१३) मा सोमदत्तलाई चुम्बन गरी दौडिँदै गाउँतिर गएकी सुम्निमामा बेहोसजस्तो हुँदा अपस्मार वा अचेतको भाव आएको छ । साक्ष्य (१४) सोमदत्त सुम्निमाको सम्झनामा हराउँदा स्मृति भाव आएको छ । साक्ष्य (१५) मा नजिकै रहेकी पुलोमाको ख्याल नहुनुले विस्मृतिको भाव उत्पन्न भएको छ । साक्ष्य (१६) मा पाप र पुण्यका विषयमा तर्क-वितर्क हुँदा वितर्क भाव आएको छ । साक्ष्य (१७) मा सोमदत्तको छोरा आश्रम गइरहने कुरा गरी माया गर्दैन कि बिर्सन्छ कि भन्ने त्रासको भाव उत्पन्न भएको छ । साक्ष्य (१८) मा सोमदत्तको छोराले प्रेमप्रस्ताप राखेपछि सुम्निमाकी छोरीमा लज्जाभाव देखिएको छ ।

यसरी उपन्यासमा रहेका प्रमुख पात्रमा सञ्चरणशील भावहरू पैदा भई रतिभावको प्रकाशन वा उत्कर्षमा पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । सञ्चारी भाव अस्थिर मनोदशा तथा अस्थिर शारीरिक क्रिया हो । शारीरिक र मानसिक व्यापार घनीभूत हुँदा मनोविज्ञानले आनन्दित हुने भावलाई व्यक्त गर्छ (पौडेल, २०६६, पृ. १३८) । यसरी नै यस उपन्यासमा आएका अन्य पात्र बिजुवा, पुलोमाका कार्यकलापले पनि रतिभावलाई पक्षपोषण गरेर मानसिक विकारमा सहायता पुऱ्याएका छन् ।

***स्थायी भाव***

सुम्निमा उपन्यासको मुख्य वा अङ्गीरस शृङ्गार भएको कुरा स्पष्ट हुन्छ । रति स्थायी भाव हुने रसलाई शृङ्गार रस भनिन्छ (शर्मा र लुइटेल, २०७२, पृ. ५३ ) । जुन प्रेमी-प्रेमिका बिचको मिलन तथा विछोडमा उत्पन्न हुन्छ । शृङ्गार रसको स्थायी भाव रति हो । रतिको अर्थ हुन्छ- नारी-पुरुषमा अन्तर्निहित एक-अर्काप्रतिको सहज-स्वाभाविक आकर्षण, आसक्ति, प्रेमभाव वा कामेच्छा । यही रति स्थायी भाव विभावादिको संयोगबाट परिपुष्ट-परिपक्व अवस्थामा पुगेपछि शृङ्गार रसको निष्पत्ति हुन्छ

(श्रेष्ठ, २०६७, पृ. १०९) । प्रेम स्वतः हुने प्राकृतिक विषय हो तर यस उपन्यासमा सोमदत्तले प्राकृतिक रूपमा हृदयमा उत्पन्न प्रेमलाई दमन गर्ने प्रयास गरेको छ । यद्यपि जति दमन गरे पनि उसको हृदयमा दमित प्रेमलाई बिर्सन भने सकेको छैन । संवेदना शून्य भएको सोमदत्त पुत्र प्राप्तिमा बाधा भएपछि पुनः सुम्निमाकै शरणमा पुगेको छ । उसलाई यही पल जीवनमा सबैभन्दा सुन्दर लाग्छ । यो पलबाहेक अरू सब रित्तो ठानेको छ । उनीहरूबिचमा दैहिक मिलन नभए पनि भावनात्मक मिलन भएको छ । उपन्यासकारले आध्यात्मिक त्यागलाई प्रेमको भावनात्मक शक्तिले जितेको सन्दर्भसँग गाँसेर रतिरागको अङ्गीरस बनाएका छन् ।

सोमदत्त र सुम्निमाका बिचमा भएका संवाद तथा क्रियाकलाप साधारणीकरण भई पाठकमासमेत रतिभाव जागृत गराउन सफल भएकाले यस उपन्यासको स्थायी भाव रति भएको पुष्टि हुन्छ । मनोविज्ञानको सन्दर्भमा स्थायी भाव भनेको स्थिर मनोदशा तथा शारीरिक क्रिया हो (पौडेल, २०६६, पृ. १३८) । उपन्यासको अन्त्यमा सोमदत्तको छोरा र सुम्निमाकी छोरीबिच प्रेममय मिलन भएपछि कथानकलाई बिट मारिएको छ । यसरी दमित प्रेम दोस्रो पुस्तामा गएर मिलेको घटनालाई देखाई यस उपन्यासमा घटना परिघटनाले रतिभाव परिपाक भएको छ । यिनै घटनाबाट पाठकमा रसस्वादन भएको छ । प्रेमको परिवेशमा रहेर प्रेमकै विजय गराइँदा यस उपन्यासमा सोमदत्तका माध्यमबाट आध्यात्मिक प्रेममा विप्रलम्भ शृङ्गार र आत्मिक-शारीरिक प्रेममा सम्भोग शृङ्गार प्रकट भएको छ । यसबाट पाठकमा पनि रतिभावको अनुभूत भएको पुष्टि हुन्छ ।

### अङ्गरस

कुनै कृति वा आख्यानमा मूल रसको अङ्ग वा सहायक भएर आउने रसलाई अङ्गरस भनिन्छ । एउटा आख्यानभित्र धेरै अङ्गरस रहन सक्छन् । यी रसहरू कृतिको अन्तिमसम्म पुगेका हुँदैनन् । बिचमा सुरु भएर बिचमै परिपाकमा पुगेर टुङ्गिन्छन् । कुनै पनि काव्यकृतिमा रहेको मूल भाव वा कथ्यभन्दा तल्लो वा सहायक स्तरको कथ्यसँग सम्बन्धित रसलाई अङ्ग रस भनिन्छ । यो कृतिको सहायक रस हो (ओझा, २०७६, पृ. २३२) । यिनीहरूले मूल रसलाई परिपाकमा पुऱ्याउन कस्तो सहयोग गरेका छन् भनी त्यसको अध्ययन गरिन्छ । कुनै पनि कृतिको अङ्गरस निर्क्योल गर्दा कृतिको सहायक भाव कुन-कुन हुन् र सो भावअनुसार कृतिमा कुन-कुन रसको परिपाक सिर्जित भएको छ तथा तिनले प्रधान रससँग कस्तो सम्बन्ध राखेका छन् भन्ने कुराको अध्ययन गरिन्छ (पोखरेल, २०५९, पृ. ४) । यस उपन्यासमा आध्यात्मवादी ब्राह्मण पुत्र सोमदत्त र भौतिकवादी किराँत पुत्री सुम्निमाका बिचको प्रेम, सोमदत्तको मनमा दमित अवस्थामा रहेको प्रेमले पारेको प्रभावका वरिपरि कथावस्तु घुमेको छ । उपन्यासमा सोमदत्तको स्थानबाट शास्त्र-साधना, तप-साधना आत्म-परमात्माका विषयमा चर्चा हुँदा शान्तरस उत्पन्न हुन्छ । यद्यपि, पुलोमासँगको कर्तव्य तथा सोद्देश्यमूलक सम्बन्ध, विनाप्रेमको सम्बन्धले निम्त्याएको वितृष्णा र पीडामा बीभत्स तथा रौद्र रसले प्रभुत्व राख्छ । सन्तानमोहादिको सन्दर्भले वात्सल्यरस निष्पत्ति भएको छ ।

#### ***शान्तरस***

संसारको अनित्यता र निःसारताको बोधबाट उत्पन्न हुने वैराग्यात्मक चित्तवृत्ति शान्त रस हो (उपाध्याय, २०६१, पृ. ६२) । यसमा अनित्य संसार, वैराग्यभाव, तत्त्वज्ञान आलम्बन विभाव, सत्सङ्ग, तीर्थ, नीति शिक्षा उद्दीपन, त्याग, तप, साधना आदि अनुभाव तथा निर्वेद, हर्ष, दया, स्मृति आदि व्यभिचारी भाव हुन्छ । समस्त अनित्य र दुःखद सांसारिक प्रपञ्च यसको आलम्बन हुन्छ भने पुण्याश्रम, तीर्थ, आदि उद्दीपन हुन्छन् । यसका साथै तप, ध्यान उपासना आदि अनुभाव भएर आउँछन् । यसमा निर्वेद, पवित्रता, रोमाञ्च आदि सञ्चारीभावका रूपमा प्रयोग हुन्छन् ।

**विभाव :** विभाव भनेको कारण श्रेणीको पदार्थ हो (शर्म्मा, २०५८, पृ. १४९) । यसका साथै केशवप्रसाद उपाध्याय (२०६७, पृ. २०६) ले साहित्यदर्पणको संस्कृत श्लोकलाई अनुवाद गर्दै- सामाजिक (सहृदय) का

मनमा अवस्थित प्रेम, शोक आदि अनुभूतिहरूको आस्वादरूपी आँकुरालाई प्रस्फुटित पार्ने तत्त्वलाई विभाव भन्ने कुरालाई प्रस्तुत गरेका छन् । विभावले दर्शक वा पाठकमा अन्तस्करणको संस्कारका रूपमा रहेको स्थायी भावलाई प्रस्फुटित गरेर आस्वादनयोग्य बनाइदिन्छन् । आलम्बन र उद्दीपन गरी विभावका दुई प्रकारमध्ये यस सुम्निमा उपन्यासलाई विभावका आधारमा तलका साक्ष्यका आधारमा हेर्नु उपयुक्त हुन्छ :

(१९) मातापिताका समीप पुगेर दीन वाणीमा सोमदत्तले भन्यो,- "मेरो तपस्या अझै अपूर्ण छ । म यही क्षण यस आश्रमलाई त्यागेर कठोरत व्रतमा लाग्छु । पितामातासँग आशीर्वाद र बिदा लिनका लागि मात्र अहिले म यहाँ उपस्थित भएको हुँ ।"
यति भनी उसले झुकेर दुवैको चरण स्पर्श गऱ्यो र सन्ध्याको अन्धकारमा वनप्रान्तको बाटो प्रस्थान गऱ्यो, अश्रुमय मातापितालाई विमुढ अवस्थामा उभ्भिएकै छाडेर (पृ.२७) ।

(२०) स्वयम् पुलोमा पण्डितनारी थी, त्यसो हुँदा आध्यात्मवादको सूक्ष्मातिसूक्ष्म अर्थ र व्याख्या गर्नमा सोमदत्तको यथार्थ रूपले अर्धाङ्गिनी भएकी थी । कुनै दिन अध्ययनको तन्मयतामा उनीहरूलाई समय गएको ज्ञानै हुन्नथ्यो (पृ.३६) ।

माथिको साक्ष्य (१९) सोमदत्तका मनमा संसारप्रति वैराग्य भाव उत्पन्न भएको छ । जुन विषयालम्बन हो भने प्रभावित सोमदत्त आश्रयालम्बन हो । त्यसैगरी उसलाई अधुरो तपस्याको स्मृति, दैहिक सुखलाई पाप सम्झने आध्यात्मवादी संकार, आश्रमको बसाइले वन प्रस्थान तथा तप-साधनाका लागि उद्दीप्त गरेकाले अध्यात्मवादी संस्कार, आश्रम, वन, तप-साधना आदि उद्दीपन विभाव हुन् । साक्ष्य (२०) मा वैराग्य तथा अध्यात्मिक भाव विषयालम्बन हुन् भने पुलोमा र सोमदत्त आश्रयालम्बन हुन् । उपन्यासमा आएका सुनसान तथा आध्यात्मिक वातावरण, विभिन्न शास्त्र तथा धार्मिक पुस्तकका विविध कथा उद्दीपन विभाव हुन् ।

**अनुभाव :** आलम्बन र उद्दीपनबाट स्थायी भाव उत्पन्न भएपछि देखापर्ने शारीरिक क्रिया, प्रतिक्रियालाई अनुभाव भनिन्छ । स्थायी भाव उद्दीप्त भएपछि त्यसको आश्रयमा देखिएर स्थायी भावलाई बाहिर प्रकाश गर्ने व्यापारहरू अनुभाव कहलाउँछन् (शर्म्मा, २०५८, पृ. १४९) । आलम्बन र उद्दीपन विभावले भावको अनुभव गराइसकेपछि देखा पर्ने चेष्टा वा कार्यहरूका रूपमा यस उपन्यासमा सोमदत्त तथा पुलोमाका धार्मिक कर्म, धार्मिक चर्चा, अनुष्ठान आदि क्रियाकलाप नै अनुभाव हुन् ।

(२१) आश्रमबाट निस्किएर सोमदत्तले अतिशय कठोर जीवनयापन गर्न थाल्यो, निराहार भएर, निर्जला भएर, वाजपेयी भएर, शीतकालमा कैलाश तीर्थको मार्गमा हिमच्छादित मानसरोवरको जलमा डुबेर, ग्रीष्मका दिनमा हिङ्गलाज तीर्थको मरुभूमिमा पञ्चाग्नि बालेर (पृ.३१) ।

(२२) पुलोमा आफ्नो कोठामा आएर सुत्नका लागि कुशासनमाथि कम्बल ओछ्याउँथी र एकछिनसम्म श्लोक पाठ गरेर सुत्थी । अर्को कोठामा सोमदत्त पनि सुत्नुअघि एकछिन श्लोक पाठ गर्थ्यो (पृ.३६) ।

माथिको साक्ष्य (२१) मा सोमदत्तले आश्रमबाट निस्केर सुम्निमालाई बिर्सन वा उसको मोहबाट मुक्तिका लागि कठोर तपस्या गरेको छ । त्यसैगरी साक्ष्य (२२) मा पुलोमा तथा सोमदत्तले पूजापाठ तथा शास्त्र अध्ययन गरी सन्तोषको अनुभूति गरेका छन् । फलतः यसबाट शान्त रसलाई जागृत तुल्याएको छ ।

**व्यभिचारी वा सञ्चारी भावः** स्थायी भावको सहयोगीका रूपमा देखा पर्ने अस्थिर भावलाई व्यभिचारी भाव भनिन्छ । जुन छिनछिनमा परिवर्तन भइरहन्छन् । सञ्चारी भावलाई स्थायी भावको सहकारीका रूपमा लिइएको छ । ... यो विभिन्न रसमा डुल्ने-फिर्ने गरिरहेको हुन्छ (थापा, २०७३, पृ. २१९) । यस

उपन्यासको अङ्गरसका रूपमा रहेको शान्त रसको शमभाव प्रकाशनका क्रममा प्रमुख पात्रमा देखिएका सञ्चारी भावलाई यसरी हेरिएको छ :

(२३) मेरो यो जीउले अब आनन्दको बोझ खप्न सक्दैन; त्यसैले त यो काँपेको छ, सिरिङसिरिङ गर्छ मेरो जीउ । किन-किन आज यो जीउले ठूलो सुक्ख पाए जस्तो लागेको छ मलाई, त्यसैले मलाई यस्तो भएको आज । (पृ. २२)?'

(२४) दुवैलाई आफ्नो जीवन सार्थक हुँदै गएको सन्तोष थियो (पृ. ३६) ।

(२५) सोमदत्तलाई जीवनप्रति ठूलो विरक्ति पैदा भयो उसले शिथिल भएको अनुभव गऱ्यो (पृ. ७५) ।

माथि साक्ष्य (२३) मा सुम्निमालाई सिरिङसिरिङ भएको छ । साक्ष्य (२४) मा पुलोमा र सोमदत्तमा जीवन सार्थक भएकाले हर्षभाव देखिएको छ । त्यसैगरी साक्ष्य (२५) मा सोमदत्तलाई जीवनप्रति विरक्ति देखिएको निर्वेद भाव आएको छ । यसरी यस उपन्यासमा आएका निर्वेद, शङ्का, हर्ष, शिथिलता जस्ता सञ्चारी भावले पाठकमा रसानुभूति गराउन महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

**स्थायी भाव :** सुम्निमा उपन्यासको सहायक वा अङ्गरस शान्त हो । यहाँ ब्राह्मण आर्यपुत्र सोमदत्तलाई तप र साधनाबाट मोक्ष तथा आनन्द प्राप्त गर्ने लक्ष्यमा छ । शान्त रसमा शम (भित्री शान्ति) स्थायी भाव, निःसार जगत् अथवा नित्य सत्य परमात्मा आलम्बन, पुण्य स्थान तीर्थ तपोवन सत्सङ आदि उद्दीपन, रोमाञ्च आदि अनुभाव तथा निर्वेद हर्ष दया आदि व्यभिचारी भाव हुन्छन् (शर्म्मा, २०५८, पृ. १५८) । यस भनाइका आधारमा हेर्दा सोमदत्तलाई यो संसार अनित्य र क्षणभङ्गुर लाग्छ । तप साधनामा सुम्निमासँगको सामिप्यले तप साधनामा बाधा पुग्ने ठानी ऊ वन प्रस्थान गरी कठोर तपस्यामा लाग्दछ । यी सबै क्रियाकलापले पाठकले वैराग्य वा शम भावको अनुभूति गरेका छन् । त्यसैगरी उसकी पत्नी पुलोमा पनि विदुषी भएकाले उसका आध्यात्मिक कार्यहरूबाट पनि पाठकहरू उद्वेलित भएका छन् । यसरी सोमदत्त तथा पुलोमाका बिचमा भएका संवाद तथा क्रियाकलापले शम वा वैराग्य स्थायी भाव जागृत गराउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । यसरी यस उपन्यासमा शृङ्गार रस पछिको सहायक रसमा शान्त रसको स्थान उच्च रहेको स्पष्ट हुन्छ ।

***बीभत्स रस***

रगत, मासु आदि घृणित वस्तु देखेर र सुनेर उत्पन्न हुने घृणाबाट बीभत्स रस उत्पन्न हुन्छ । बीभत्स रसको स्थायी भाव घृणा हो (थापा, २०७३, पृ. २२५) । यसमा आलम्बनका रूपमा दुर्गन्धित र घृणित वस्तु हुन्छ भने उद्दीपनमा घृणालाई उकास्ने तत्त्व आएको हुन्छ । यस रसमा थुक्नु, नाक थुन्नु, आँखा चिम्लनु अनुभाव हुन् भने आवेग, मुर्छा, व्याधि आदि यसका व्यभिचारी भाव हुन् । घृणा वा जुगुप्सा यसको स्थायी भाव हो । जसरी प्रभाव पारेको भने छैन । यसर्थ सूक्ष्म आधारमा यसमा उपस्थित साक्ष्यलाई निम्नानुसार केलाइएको छ :

(२६) सोमदत्त एकदम परास्त भयो । जान भनी ऊ जुरुक्क उठ्यो । जाँदाजाँदै उसले लाञ्छना र असीम घृणाको स्वरमा भन्यो,-"अभिनिर्लज्ज नारी ! असंस्कृता बर्बर स्त्री ! छोप् त्यो आफ्नो बीभत्स नग्नता ।"

यति भनेर द्रुतगतिले कोठामा आयो र आफ्नी पत्नीको कुरूप शरीरलाई सम्झेर एकपल्ट अत्यन्त वितृष्णाका साथ उसले मुख बङ्ग्यायो (पृ.७८) ।

माथिको साक्ष्यमा विषयालम्बनका रूपमा पुलोमाको जीर्ण र नग्न शरीर तथा आश्रयालम्बनमा सोमदत्त रहेका छन् । त्यसैगरी उद्दीपन विभावका रूपमा एक अर्काप्रतिको वितृष्णाको भाव तथा परिवेश आएको छ । जुरुक्क उठ्नु, पुलोमालाई नग्नता छोप् भन्दै गाली गर्नु, मुख बङ्ग्याउनु, त्यहाँबाट निस्केर कोठामा जानु अनुभावका रूपमा आएका छन् । माथिको साक्ष्यमा नग्नरूपको स्मृति, वितृष्णा आदि

व्यभिचारी भाव आएका छन् । यसरी प्रेममय आँखाले हेर्दा नग्नता पनि सुन्दर लाग्ने तथा प्रेमहीन आँखामा हेर्दा त्यही नग्नता असुन्दर र बीभत्स लाग्ने अवस्था यहाँ आएको छ । यहाँ आएका विभावादिले पाठकका मनमा घृणा स्थायी भाव उत्पन्न भई रसानुभूति भएको छ ।

सुम्निमा उपन्यासमा अङ्गरसका रूपमा मुख्य शान्त रस रहे पनि सोमदत्त र पुलोमा बिचको प्रेमहीन सम्बन्ध र वितृष्णाका कारण बीभत्स र रौद्र रस, छोराप्रतिको वात्सल्य प्रेम प्रकट हुँदा वात्सल्य रसको रसानुभूति भएको छ । यी सबै रस यस उपन्यासको मुख्य तथा अङ्गीरसका सहायक भएर आएका छन् । रति स्थायी भाव भएको शृङ्गार रसलाई परिपाकमा पुऱ्याउन सहायक वा अङ्गरसको पनि महत्त्वपूर्ण भूमिका रहेको छ ।

## निष्कर्ष

सुम्निमा उपन्यासमा प्रमुख रूपमा रति स्थायी भाव भएको शृङ्गार रस जागृत भएको छ । यहाँ रतिभावलाई प्रकाशित गर्न आएकी पूर्ण यौवना चञ्चल किराँत युवती सुम्निमा विषयालम्बन हो भने उसको रूप लावण्यले प्रभावित आर्यपुत्र सोमदत्त आश्रयालम्बन हो । रतिभावलाई उद्दीप्त गर्ने सुम्निमाको नग्न सुडोल शरीर, चञ्चल र प्रेमील व्यवहार, सुनसान कोशी तट, शमीवृक्षको शीतल छहारी, नदीको कलकल, कोइलीको कुहू-कुहू, वृक्षकुञ्ज, मनुवादह तथा एक अर्काप्रतिको प्रेमभाव आदि उद्दीपन विभाव हुन् । हृदयमा उत्पन्न रतिभावलाई व्यक्त गर्न सुम्निमाको रूप र यौवनले सोमदत्त असंयमी बन्नु, सुम्निमाको हात समाउनु, सुम्निमाले सोमदत्तको ओठमा चुम्बन गर्नु, सोमदत्तको छोराले सुम्निमाकी छोरीप्रति आफ्नो प्रेम व्यक्त गर्नु, चुम्बन गर्नु, लजाउनुजस्ता क्रियाकलाप वा अनुभावको प्रयोग भएको छ । त्यसैगरी रतिभावलाई उत्कर्षमा पुऱ्याउन मद, चपलता, आवेग, उत्तेजना, अपस्मार, स्मृति, विस्मृति, वितर्क त्रास, लज्जाजस्ता सञ्चारीभावले महत्त्वपूर्ण भूमिका खेलेका छन् । यसबाट पाश्चात्य मनोविश्लेषणात्मक रति वा शृङ्गार अर्थात् प्रेम भावको कुण्ठा प्रकट भएको छ ।

सुम्निमा उपन्यासमा सहायक वा अङ्गरसका रूपमा शम वा वैराग्य स्थायी भाव भएको शान्त रस जागृत भएको छ । पृथक् सांस्कृतिक संस्कारका कारण उही पात्र उही परिवेश भए पनि उनीहरूको विचार र व्यवहारमा फरकपन छ । अध्यात्मवाद र भौतिकवादको सम्मिश्रण गरी सिर्जना गरिएको यो उपन्यासमा प्रयुक्त पात्रहरूका विचार र क्रियाकलापबाट पाठकको मन उद्वेलित हुन्छ । यसबाट मनोविज्ञान र समाजको यथार्थ गहिराइ प्रकट भएर उपन्यासका पात्रमा अवचेतन भाव प्रस्तुत भएको छ । उपन्यासमा अध्यात्मवादका तर्फबाट सोमदत्त र उसमा उत्पन्न शान्त रस अङ्गरस रहे पनि आख्यान सन्दर्भभरि भौतिकवादको रूपमा आत्मिक प्रेम अर्थात् सुम्निमाको शृङ्गार अङ्गीरसको प्राधान्यता रहेको छ । हिंसा तथा अहिंसा, आत्मा तथा परमात्मा आदिका लक्ष्यमा रहेर दैहिक सुखलाई पाप ठान्दै पारलौकिक संसारलाई महत्त्व दिने सोचभन्दा लौकिक संसारमा रहेर सफल जीवन जिउन आग्रह गरिएको छ । कठोर तप साधना शास्त्रज्ञान आदिका माध्यमबाट कथानकले पाठकका मनमा संसारप्रति वैराग्य वा शमभाव जागृत गराएको छ । यहाँ विषयालम्बन वैराग्य हो भने आश्रयालम्बनमा सोमदत्त र पुलोमा रहेका छन् । संस्कारका रूपमा मनमा विकसित आर्य संस्कृति, शास्त्र अध्ययन, शास्त्रभित्रका अनेकौँ कथा, ईश्वर चिन्तन, आश्रमको बसाइ आदि उद्दीपन विभाव हुन् । सोमदत्तले सुम्निमाप्रतिको मोह वा प्रेमबाट मुक्ति पाउन गरेको कठोर साधना, पुलोमा र सोमदत्तका धार्मिक अनुष्ठान, तर्क-वितर्क आदि अनुभाव हुन् भने शम भावलाई उत्कर्षमा पुऱ्याउन आएका निर्वेद, शङ्का, हर्ष आदि सञ्चारी भाव हुन् । यस उपन्यासमा प्रेमविनाको सम्बन्धका कारण पुलोमा र सोमदत्तका बिचमा वितृष्णा, घृणाभाव र क्रोध पैदा हुँदा पाठकहरूमा बीभत्स रस र रौद्र रसको आस्वादन हुन्छ भने बालकप्रतिको प्रेमका कारण थोरै मात्रामा भए पनि पाठकले वात्सल्यभावको पनि आस्वादन गर्न पुग्छन् ।

अतः सुम्निमा उपन्यासको मुख्य वा अङ्गीरस शृङ्गार रस भएको कुरा स्पष्ट हुन्छ । शृङ्गार रसको स्थायी भाव रति हो जुन प्रेमी-प्रेमिका बिचको प्रेम, मिलन तथा विछोडका समयमा जागृत हुन्छ । यस उपन्यासमा अध्यात्मवादी आर्य पुत्र सोमदत्त र किराँती युवतीबिच प्रेमभाव अङ्कुरण भएको छ तर सोमदत्तको संस्कार र अध्यात्मवादी विचारका कारण मिलनमा भने बाधा पुग्दछ । सुम्निमाप्रतिको आकर्षण र मोह उसको अन्तरहृदयमा दमित अवस्थामा रहन्छ । सोद्देश्यमूलक विवाह तथा पुत्र प्राप्तिमा बाधा पुगेपछि सुम्निमाकै शरणमा पुगेको देखाई सोमदत्तको मनुवा खुसी पार्न गरिएका कार्यकलापले पुनः पाठकको मन उद्वेलित गराउँछ । उनीहरूबिच दैहिक मिलन नभएपनि भावनात्मक रूपमा सोमदत्तले सुम्निमासँग सुखभोग गरेको छ । यो सन्दर्भ पूर्वीय चिन्तनमा रसविधानसँग गाँसिए पनि पाश्चात्य परम्परामा फ्रायडको मनोविज्ञानसँग गाँसिएको छ । उसले त्यही पललाई जीवनको सबैभन्दा विशिष्ट सम्झनु, पूर्ण ठान्नु, अरू सारा समय रित्तो सम्झनु नै रतिको उत्कर्ष हो जसले सबै पाठकलाई आनन्दानुभूति गराएको छ । आख्यानको अन्त्यमा पनि सुम्निमाको छोरी र सोमदत्तको छोराको मिलनले रतिभाव प्रकाशमय भई सम्भोग शृङ्गार परिपाक हुन पुगेको छ । यसर्थ शृङ्गार रसको केन्द्रीय स्थान अर्थात् अङ्गीरस हुँदा यहाँ शान्त, बीभत्स र रौद्र रसका साथमा वात्सल्य रस सहायक वा अङ्गरस बनेर सुम्निमा उपन्यासले पूर्णता पाएको छ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, इन्द्रविलास (२०६९), *पश्चिमी साहित्यसिद्धान्त* (दोस्रो संस्करण), ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०६७), *पूर्वीय साहित्य सिद्धान्त* (पाँचौं संस्करण), ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०६७), *साहित्य-प्रकाश* (सातौं संस्करण), ललितपुर : साझा प्रकाशन ।

ओझा, बाबुराम (२०७६), 'बसाइँ' उपन्यासमा रसविधान, *रूपान्तरण,* अङ्क-४, धनकुटा बहुमुखी क्याम्पस ।

कोइराला, विश्वेश्वरप्रसाद (२०७१), *सुम्निमा* (बाह्रौं संस्करण), ललितपुर : साझा प्रकाशन ।

गड्तौला, नारायण (२०७१), *रस र ध्वनि सिद्धान्त,* काठमाडौँ : प्रगति पुस्तक प्रकाशन प्रा.लि. ।

थापा, मोहनहिमांशु (२०७३), *साहित्य परिचय,* ललितपुर : साझा प्रकाशन ।

पराजुली, मोतीलाल (२०७५), *रस सिद्धान्त र प्रयोग,* त्रि.वि., एम.फिल. कार्यक्रममा प्रस्तुत कार्यपत्र ।

पोखरेल, भानुभक्त (२०५९), *कवि घिमिरेको रचनायोग,* ललितपुर : साझा प्रकाशन ।

पौडेल, विष्णुप्रसाद (२०६६), *संस्कृत काव्यशास्त्र* (दोस्रो संस्करण), काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

पौड्याल, कृष्णविलास (२०६८), *पूर्वीय साहित्य सिद्धान्त,* काठमाडौँ : श्री कृष्ण प्रकाशन गृह ।

भट्टराई, रामप्रसाद (२०६९), *पूर्वीय र पाश्चात्य नेपाली समालोचना,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

लुइटेल, खगेन्द्रप्रसाद (२०५७), *आधुनिक नेपाली समालोचना,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०७२), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* (पाँचौं संस्करण), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्म्मा, सोमनाथ (२०५८), *साहित्य-प्रदीप,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, ईश्वरकुमार (२०६७), *पूर्वीय एवम् पाश्चात्य साहित्य-समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली* (पाँचौं सस्करण), ललितपुर : साझा प्रकाशन ।

**लेखकहरू**

**कमला रेग्मी** नेपाली केन्द्रीय विभाग, त्रि.वि. अन्तर्गत दर्शनाचार्यमा शोधरत तथा मानविकी र शिक्षाशास्त्र सङ्कायबाट स्नातकोत्तर तह उत्तीर्ण हुनुहुन्छ। उहाँले नेपाली साहित्यका विभिन्न विधाहरूमा प्रयुक्त रसविधान, विधातात्त्विक अध्ययन, लयविधान आदि क्षेत्रअन्तर्गतका आधा दर्जन अनुसन्धानपरक लेख प्रकाशन गर्नुभएको छ।

**टीकादेवी पोखेल** नेपाली केन्द्रीय विभाग, त्रि.वि. बाट दर्शनाचार्य तथा मानविकी र शिक्षाशास्त्र सङ्कायबाट स्नातकोत्तर तह उत्तीर्ण हुनुहुन्छ । उहाँ हाल ज्ञानोदय मा.वि., कावासोती-८ मा अध्यापनरत हुनुहुन्छ। उहाँ विशेषतः लोकवार्ता र सांस्कृतिक अध्ययनमा रुचि राख्नुहुन्छ।